आज मिति २०७६ फागुन १३ गते मंगलबारको दिन बिहानको ७:३० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ८६ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री सानुबाबु श्रेष्ठ (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकर मान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य अध्यक्ष श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)

२. श्री गणेश गुरुङ (लेखा अधिकृत)

मिति २०७६/११/११ गते नगर प्रमुखज्यूबाट मिति २०७६/११/१३ गते नगर कार्यपालिकाको ८६ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाबाट निर्णयका लागि पेश भएका विषयहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | कानूनमा भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | दक्षिणकाली क्षेत्र प्रबन्ध समितिको ऐन तथा खाता सञ्चालन सम्बन्धमा । | | • नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागको मिति २०७५/०९/२०, च.नं. ४११ को पत्रानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (ज) बमोजिम पुरातत्व, प्राचिन स्मारक र संग्रहालय संरक्षण सम्बन्धी कार्य स्थानीय तहबाट नै गर्ने व्यवस्था भए अनुसार सम्बन्धित स्थानिय तहबाटनै क्षेत्र प्रबन्ध समितिको संरक्षण र सञ्चालन गर्न तथा प्रबन्ध समितिको खाता सञ्चालन सम्बन्धी निर्णय पनि प्रबन्ध समिति रहेकै स्थानीय तहबाट नै गर्नको लागी नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५/०९/१३ मा निर्णय भएको हुदाँ सोही बमोजिम यस नगरपालिका अन्तर्गत रहेको साविक दक्षिणकाली क्षेत्र प्रबन्ध समितिको ऐन, कानुन तथा खाता सञ्चालन सम्बन्धमा कार्यपालिकामा सिफारिस गर्न देहायका सदस्यहरु रहेको समिति गठन गर्ने र उक्त समितिले प्रतिवेदन पेश गर्न समितिको कार्यक्षेत्र शर्त सहित नगरपालिकाले दिने ।<br>**<u>समितिका पदाधिकारीहरु</u>**<br>संयोजक - प्रमुख प्राशासकीय अधिकृत, घनश्याम न्यौपाने<br>सदस्य - ९ नं. वडा अध्यक्ष एवं प्रवक्ता, अमृका बलामी<br>सदस्य - ६ नं वडा अध्यक्ष एवं विधयेक समितिका संयोजक, शंकरमान महर्जन<br>सदस्य - सम्बन्धित विषयको विज्ञ<br>सदस्यसचिव - प्रशासन शाखा प्रमुख |
| २. | नगरस्तरीय योजना सञ्चालन सम्बन्धमा । | | • चालु आ.ब.को लागी यस नगरपालिकाको चौथो नगर सभाबाट छनौट भई स्वीकृत भएका नगर स्तरीय योजनाहरु उपभोक्ता समिति गठन भई प्रक्रिया पुरा गरि चैत्र मसान्त भित्र आउने उपभोक्ता समितिहरुसँग "First Come First Agreement" (पहिला आउने पहिला सम्झौता गर्ने) का आधारमा सुनिश्चित बजेटको सिमा भित्र रही सम्झौता गरी २०७७ जेठ मसान्तसम्म सम्पन्न गर्ने गरी कार्यान्वयन गर्ने । |
| ३. | सार्वजनिक सुनुवाई सम्बन्धमा । | | • यस नगरपालिका तथा वडा कार्यालयबाट सञ्चालन भएका योजना, कार्यक्रम तथा सेवा प्रवाहको विषयमा वडा स्तर हुदै नगरस्तरिय सार्वजनिक सुनुवाई २०७६ फागुन मसान्त सम्म सम्पन्न गर्ने । |

| | | | |
|---|---|---|---|
| ४. | विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | | • मिति २०७६/०७/२८ र मिति २०७६/०९/२७ मा यस नगरपालिकाको विपद् व्यवस्थापन समितिले गरेको निर्णयलाई अनुमोदन गर्ने । साथै, मिति २०७६/०९/२७ को निर्णय नं. ३ मा भएको बेरुजु फछ्र्यौट सम्बन्धी निर्णयलाई महालेखा परिक्षकको कार्यालयमा बेरुजु फछ्र्यौटको लागी लेखी पठाउने । |
| ५. | विविध । | | • दक्षिणकाली नगरपालिका वडा नं २ मा रहेको कामधेनु मा. वि. को लागी कृषि विद्यालय सञ्चालन गर्नको लागी गत आ.ब.मा निकासा भएको रु.२५,००,०००।- को प्रयोग तथा सञ्चालन सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागी निम्नानुसारको समिति गठन गर्ने ।<br>**<u>अनुगमन समिति</u>**<br>संयोजक - उपप्रमुख, बसन्ती तामाङ डंगोल<br>सदस्य - २ नं. वडा अध्यक्ष, रामचन्द्र क्षेत्री<br>सदस्य - कार्यपालिका सदस्य एवं सामाजिक विकास समितिका संयोजक, राजेश परियार<br>सदस्य - आर्थिक प्रशासन शाखा प्रतिनिधि<br>सदस्य सचिव - शिक्षा शाखा प्रमुख/ प्रतिनिधि<br>• बाग्मती करिडोरमा ट्र्याक खोल्ने कार्य भईरहेको सम्बन्धमा के, कसरी र कोद्वारा सञ्चालन भईरहेको हो सो सम्बन्धमा अध्ययन गरी २ नं. वडा अध्यक्षले आगामी बैठकमा जानकारि गराउने । |